# शहिदनगर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ६ संख्या २ मितिः २०८०/०६/१६

भाग-२

शहिदनगर नगरपालिका

## बालविवाह मुक्त अभियान सञ्चालन निर्देशिका, २०८०

प्रमाणिकरण मितिः २०८०/०६/१६

**शहीदनगर नगरपालिका**

**"बालविवाह मुक्त अभियान संचालन निर्देशिका, २०८०"**

शहीदनगर नगरपालिकामा बालविवाह मुक्त अभियान सन्चालन गरि बालविवाह वडा तथा पालिका निर्माण गरि बालअधिकारको संरक्षणर संवर्द्धन गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१)ले दिएको अधिकार प्रयोग गरी शहीदनगर नगरकार्यपालिकाले यो निर्देशिका तयार गरि जारी गरेको छ ।

**परिच्छेद-१**

शहीदनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
यदुकुहा, धनुषा
मधेश प्रदेश, नेपाल

प्रारम्भिक:

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "बालविवाह मुक्त अभियान सञ्चालन निर्देशिका, २०८०"रहेको छ।

(२) यो निर्देशिका शहीदनगर नगरकार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) **"बालबालिका"** भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ।

(ख)**"ऐन"** भन्नाले मधेष प्रदेश बालअधिकार ऐन २०७७ सम्झनु पर्छ।

(ग)**"कार्यपालिका"** भन्नाले शहीदनगर नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्छ।

(घ)**"प्रमुख"** भन्नाले शहीदनगर नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(ङ)**"उप-प्रमुख"**भन्नाले शहीदनगर नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ।

(च)**"कार्यपालिका सदस्य'** भन्नाले शहीदनगर नगरपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ।

(छ)**"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले शहीदनगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ज)**"रणनीति"** भन्नाले बालबिबाह अन्त्यका लागि १० वर्षे प्रादेशिक रणनीतिक योजना सम्झनु पर्छ।

(झ)**"बालविवाह"** भन्नाले नेपालको प्रचलित कानुन बमोजिम तोकिएको उमेर भन्दा अगाडि गरिने सवै विवाहलाई सम्झनु पर्छ।

(ञ)**"वडा अध्यक्ष"** भन्नाले शहीदनगर नगरपालिका अन्तरगतका वडाका अध्यक्ष लाई सम्झनु पर्दछ।

(ट)**"वडा सदस्य"** भन्नाले शहीदनगर नगरपालिका अन्तरगतका वडा समितिका वडा सदस्यहरुलाई सम्झनु पर्दछ।

(ठ)**"कार्यपालिका सदस्य"** भन्नाले शहीदनगर नगरपालिकाको नगर कार्यपालिकाका सदस्यहरुलाई सम्झनु पर्दछ।

(ड)**"सामाजिक संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैर नाफा मूलक संस्थालाई सम्झनु पर्छ र सो शव्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई सम्झनु पर्दछ।

(ढा)**"निजी संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको नाफा मूलक संस्थालाई सम्झनु पर्छ र सो शव्दले यस्तै प्रकृतिका अन्य कम्पनी समेतलाई सम्झनु पर्दछ।

(ण) **"स्थानीय बालअधिकार समिति"**भन्नाले शहीदनगर नगरपालिकामा ऐन अनुसार बालबालिकाको हक अधिकार संरक्षणका लागि गठन भएको बालअधिकार समितिलाई सम्झनु पर्दछ।

(त) **"बाल कल्याण अधिकारी"**भन्नाले शहीदनगर नगरपालिकाले बालबालिकाको क्षेत्रमा काम गर्नको लागि तोकिएको नगरपालिकाको कर्मचारी सम्झनु पर्दछ।

(थ) **"मनोसामाजिक परामर्शकर्ता"**भन्नाले शहीदनगर नगरपालिकाको पालिका स्तरीय बाल अधिकार समितिले यसै निर्देशिका बमोजिम तोकेको व्यक्तिलाई सम्झनु पर्दछ ।

केशव कुमार ...
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

'बाल सहजकर्ता"भन्नाले यस नगरपालिकाको पालिका स्तरीय बाल अधिकार समितिले यसै निर्देशिका बमोजिम तोकेको व्यक्तिलाई सम्झनु पर्दछ ।

शहीदनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
यदुकुहा, धनुषा
मधेश प्रदेश, नेपाल

## परिच्छेद-२

### बालविवाह मुक्त नगरपालिका र वडा घोषणा गर्दा अपनाइने प्रक्रिया :

३. बालविवाह मुक्त नगरपालिका र वडा घोषणा गर्दा अपनाइने प्रक्रिया देहाय बमोजिम हुनेछ :

(१) नगरपालिका तहमा विभिन्न उमेर, लिंग, जातजाती, वर्ष र समुदायका बालबालिका, किशोरकिशोरी, शिक्षक, वडा बालअधिकार समिति, समाजसेवी, धार्मिक अगुवा, प्रहरी, अभिभावकसँग बालविवाहका विद्यमान कारणहरु र सो को समाधानका उपायहरुका बारेमा छलफल गरी नगरपालिकास्तरीय बहुक्षेत्रीय बालविवाह अन्त्य सम्बन्धी रणनीतिक योजना निर्माण गर्ने ।

(२) वडा तथा नगरपालिकाको वार्षिक रुपमा जम्मा विवाहको अवस्था र त्यसमा पनि बालविवाहको अवस्थाको तथ्यांक संकलन गर्ने।

(३) बालविवाहको तथ्यांकको आधारमा बालविवाह हुने वस्ती, टोल समुदाय र वडा केन्द्रीत कार्यक्रम सञ्चालन गर्ने ।

(४) नगरपालिका तथा वडास्तरमा बाल विवाह मुक्त घोषणाका लागि स्थानीय सरोकारवालाहरुको सहभागितामा सर्वपक्षिय प्रारम्भिक बैठक आयोजना गर्नेर विद्यालय केन्द्रित अभियान सञ्चालन गर्ने ।

(५) बालविवाह विरुद्ध बालबालिकामा सचेतना अभिवृद्धि गर्न बाल अभियन्ताहरु तयार गरी बालबालिकाको नेतृत्वमा विभिन्न अभियान एवं क्रियाकलाप सञ्चालन गर्ने ।

(६) नगरपालिका/वडास्तरीय सरोकारवालाहरु बीचको बैठकमा बाल विवाह मुक्त नगरपालिका र वडा घोषणा गर्न आधारभुत सुचकहरु माथि छलफल गर्ने ।

(७) नगरपालिका, वडा कार्यालय तथा सरोकारवाला संघ-संस्थाहरुबाट विनियोजित बजेटमा रही नगर तथा वडा स्तरीय बालअधिकार समिति मार्फत बालविवाह मुक्त वडा र नगरपालिकाको लागि वार्षिक कार्ययोजना निर्माण गरी विभिन्न वस्ती, टोल, विद्यालय तथा समुदायस्तरमा तालिम, र्‍याली, अभिममुखीकरण, सडक नाटक तथा अर्न्तक्रिया आदि जस्ता कार्यक्रम संचालन गर्ने ।

(८) नगरपालिका तथा वडा बाल अधिकार समिति, विभिन्न राजनैतिक दल, स्थानीय प्रहरी, स्थानीय संघ संस्था, बालक्लब, किशोरी क्लब, युवा क्लब,विद्यालय, बडघर, स्थानिय धामीझाँक्री समुह, महिला समुह,निगरानी समुह, आमा समुह, महिला सहकारी संस्था र धार्मिक गुरुहरुमार्फत घरदैलो अभियान एवं हस्ताक्षर संकलन अभियान सञ्चालन गर्ने ।

(९) नगरपालिका स्तरमा बालविवाहको अवस्था विषयक राजनैतिक दल, बाल अधिकार समिति, बालक्लब, किशोरी क्लब,धार्मिक गुरु, धामीझांक्री समुह, महिला संजाल, लगायतका सरोकारवालाहरु बीच सार्वजनिक संवाद एवम सुनुवाई कार्यक्रम संचालन गर्ने ।

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(१०)नगरपालिकालाई बाल विवाह मुक्त घोषणाका लागि स्थानीय बालअधिकार समितिको सिफारिसमा नगर कार्यपालिकाबाट निर्णय गर्ने र वडालाई बाल विवाह मुक्त घोषणाका लागि वडास्तरीय बाल अधिकार समितिको निर्णय अनुसार स्थानीय बालअधिकार समितिको सिफारिसमा नगरकार्यपालिकाको बैठकबाट निर्णयानुसार बाल विवाह मुक्त वडा/पालिका घोषणाका लागि मिति, स्थान तय गरि विभिन्न तयारी उपसमितिहरु निर्माण गर्ने ।

(११) बालविवाह मुक्त नगरपालिका घोषणाका लागि स्थानिय रेडियो, टेलिभिजन, अनलाईन मिडिया र पत्रिकाहरुसंग साझेदारी गरि सचेतना अभियान संचालन गर्ने।

(१२) हरेक विद्यालयमा किशोरकिशोरीहरुलाई केन्द्रीत गरि वृहद यौनिक शिक्षाका कक्षा एवम सत्रहरु संचालन गर्ने ।

(१३) स्थानिय धार्मिक गुरु, वाद्यवादक, धामीझाँक्री, पुरोहित तथा ज्योतिषीहरु मार्फत आजको दिनदेखी २० बर्षभन्दा मुनीका व्यक्तिको विवाहको लगन नजुराउने साथै विवाह नगराउने प्रतिवद्धता गराउने ।

(१४) नगरपालिकाले स्थानीय प्रहरी कार्यालय संग समन्वय गर्ने र बालविवाह नगराउनका लागि जागरण तथा अर्न्तक्रियाका साथै विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

(१५) बालविवाह मुक्त वडा र नगरपालिका घोषणा कार्यक्रमका लागि विभिन्न स्थानिय सांस्कृतिक झलक र वाजागाजाहरुत्था अन्य सचेतनामुलक विभिन्न कला प्रस्तुतिहरुको तयारी गराउने ।

(१६) बालविवाह मुक्त वडा र नगरपालिका घोषणा सभाको आयोजना गर्नेर बालविवाह मुक्त पालिका/वडामा सहयोग पुऱ्याउने व्यक्ति, संघ संस्था तथा निकायहरुलाई सम्मान गर्ने ।

(१७) बाल विवाह मुक्त वडा घोषणाका लागि वडाको बाल अधिकार समितिले तथा पालिका बाल विवाह मुक्त घोषणाका लागि स्थानीय बाल अधिकार समितिले नेतृत्व दायी भुमिका निर्वाह गर्ने ।

(१८) बाल विवाह मुक्त वडा घोषणा पश्चात् बाल विवाहको अवस्था हेर्नका लागि प्रत्येक वर्ष वार्षिक रुपमा तथ्यॉक संकलन गर्ने ।

(१९) बालविवाह मुक्त वडा घोषण भएपछि सर्वपक्षिय छलफलबाट वडा बालअधिकार समितिले बालविवाह मुक्त वडा घोषणाका सुचकहरुमा प्रगति कायम राख्न एक अनुगमन संयन्त्र सहितको योजना निर्माण गर्ने ।

(२०) बाल विवाह, छिटो विवाह वा दवाबमा गरिएका विवाहमा अवस्था हेरि मनोसामाजिक परामर्श दिने व्यवस्थाका साथै अभिमुखीकरण गर्ने ।

(२१) नगरपालिका तथा वडास्तरमा सञ्चालन भएका विभिन्न बालविवाहमुक्त अभियानहरुको प्रभावकारिता बारेमा आवश्यक अध्ययन, अनुसन्धान गरी असल सिकाइहरुको प्रचार प्रसार गर्ने ।

## परिच्छेद-३

## वडा र पालिका बालविवाह मुक्त घोषणाका सूचकहरु :

४. **वडा र पालिकालाई बालविवाह मुक्त घोषणाका सूचकहरुः** वडा र नगरपालिकालाइ बालविवाह मुक्त क्षेत्र घोषण गर्ननका लागि देहाय अनुसारका सुचकमा ९० प्रतिशत भन्दा बढी अंक हासिल गरेको हुनु पर्नेछ ।

केशव कुमार ... 
प्रमुख प्रशासकीय अधिकृत

वालविवाहमुक्त क्षेत्र घोषणा गर्नु अघि नगरपालिका [illegible]त वडाले सुचक प्राप्तिको सुनिश्चिततताको लागि मुल्यांकनको प्रभावकारी व्यवस्था गर्नु पर्नेछ ।

(शहीदनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय यदुकुहा, धनुषा मधेश प्रदेश, नेपाल)

(१) वडा र पालिकामा विवाह गर्ने उमेर अनुसार विवाह भएको तथ्यांक तथा अभिलेख चुस्तदुरुत राखेको हुनु पर्नेछ ।

(२) नगरपालिकामा बाल संरक्षण सयन्त्र बनेको, (बालअधिकार समिति गठन सम्वन्धी कार्यविधि बनेको, बाल विवाह अन्त्य सम्बन्धी रणनीतिक योजना तथा बालसंरक्षण नीति बनेको, बाल संरक्षण सम्पर्क व्यक्ति तोकेको) हुनु पर्नेछ ।

(३) सवै बालबालिकाको अनिवार्य जन्मदर्ता गर्ने गरिएको हुनु पर्नेछ ।

(४) नगरपालिकाले बाल विवाहका संभावित तथा अन्य घटनाहरुलाई दस्तावेजीकरण तथा सुनुवाई गर्नका लागि पालिकास्तरीय बाल अधिकार समितिको निर्णयानुसार कार्यदल गठन गरी परिचालन गरेको हुनु पर्ने ।

(५)वडास्तरीय र नगरस्तरीय बालअधिकार समिति गठन भई क्रियाशिल भएको हुनु पनर्छे ।

(६) पालिकास्तरमा भएका समुदायमा आधारित संस्था/समिति/समुहहरु बाल विवाह विरुद्धमा सक्रिय क्रियाशिल भएका हुनु पर्नेछ ।

(७) वडा तथा नगरपालिकामा किशोरी समुह वा किशोरी क्लव वा सञ्जाल गठन भई परिचालिन भएको हुनु पर्ने ।

(८) वडा तथा पालिका स्तरमा बालविवाहका घटनाहरुको उजुरी तथा संवोधन संयन्त्र निर्माण भइ संचालनमा आएको हुनु पर्नेछ ।

(९) धामि झाक्रि, वाद्यवादक, पुरोहित, मौलाना आदिले वाल विवाह गराउन छाडेको तथा बालविवाह विरुद्धको अभियानमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेको हुनुपर्नेछ ।

(१०) वालविवाहको जन्ती/भोज/भतेर जस्ता कार्यहरुमा समुदायका व्यक्तिहरु सहभागी हुन छाडेको हुनु पर्नेछ ।

(११) घरदैलो अभियान मार्फत वस्ती तथा वडाका सवै बालबालिका, किशोरकिसोरी र अभिभावकहरुलाइ वालविवाहका विषयमा सचेत गराइ बालबिवाह हुन नदिने र कदाचित भएमा कानूनी प्रक्रिया अवलम्वन गर्ने प्रतिवद्धता गराएको हुन पर्नेछ ।

(१२) बालवालिका आफैले गरेको वा स्वैच्छिक विवाह समेतलाई आवश्यकता अनुसार मनोविमर्श सेवा दिई वालवालिकालाई आफ्नै अभिभावकको जिम्मा दिने वा आवश्यकता अनुसार आवधिक गृहमा राखि सेवा प्रदान गरेको हुनु पर्नेछ ।

(१३) बाल विवाह मुक्त वडा घोषणा गर्नको लागि वडाको वार्षिक तथ्याँक अनुसार जम्मा विवाह मध्ये उमेर पुगी गरेको विवाहको तथ्यांकमा ९० प्रतिशत वा सोभन्दा बढी पुगेको हुनु पर्नेछ ।

(१४) नगरपालिकालाई वालविवाह मुक्त घोषणा गर्नका लागि शत प्रतिशत वडाहरु बालविवाह मुक्त वडा घोषणा भएको हुनु पर्नेछ ।

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(१५) वडा तथा पालिकामा अनिवार्य विवाह  दर्ता गर्ने गरिएको हुनु पर्नेछ ।

(१६) बालिकाहरुलाई अध्ययन छोडन बाध्य पार्ने परम्परागत हानिकारक अभ्यासहरुको विरुद्ध जनचेतनामुलका अभियान सञ्चालन गरको हुनु पर्नेछ ।

(१७) बालविबाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालबालिकालाइ विद्यालयमा मनोसामाजिक विमर्श तथा अन्य सेवको सुनिश्चितता भएको हुनुपर्नेछ ।

(१८) विद्यालयहरुमा बालिकामैत्री शौचालय, महिनावारी स्वच्छताका लागि अनिवार्य सेनेटरी प्याडको व्यवस्था गरेको हुनुपर्नेछ ।

(१९) सामुदायिक तथा नीजि विद्यलायहरुमा बालविबाह सम्बन्धी गुनासो पेटिका राखेको र उजुरीहरुको उचित सम्बोधन भएको हुनु पर्नेछ ।

**परिच्छेद-४**

**बालबिबाह न्यूनीकरणमा सरोकारवालाहरुको भुमिका:**

५. **बालबिबाह न्यूनीकरणमा सरोकारवालाहरुको भूमिक तपशिल बमोजिम हुनेछ ।**

(१)जन्मदर्तालाई बाल बालिकाको नैसर्गिक अधिकारको रुपमा लिई १८ वर्ष मुनिका सवै वालवालिकाको जन्मदर्ता गर्न सवै सरोकारवालाहरुले सहयोग गर्ने ।

(२) वालविवाहका घटनाको न्याय प्रक्रियामा हुने हस्तक्षेपलाई पूर्णरुपमा रोक्नका लागि सवै सरौकारवालाहरु प्रतिवद्धभई सहयोग गर्ने ।

(३) विद्यालय, समुदाय एवम् सम्पूर्ण सार्वजनिक स्थलमा बाल संरक्षण सम्वन्धी संयन्त्रमार्फत आचार संहिता निर्माण गरी पूर्णरुपमा लागु गर्ने ।

(४) वाल विवाह विरुद्धको अभियानमा सरोकारवालाहरु सवैले स्थानीय तथा वडा वालअधिकार समितिसँग सहकार्य गरी वाल विवाह निषेध गर्न सहयोग गर्ने ।

(५) सवै सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले आ-आफ्नो क्षेत्रमा सञ्चालन गरिने कार्यक्रममा वाल विवाह विरुद्धको अभियानमा सहयोग पुग्ने क्रियाकलाप संचालन गर्ने ।

(६) वाल विवाह सम्वन्धि घट्नाको स्थलगत अनुगमन पछि प्रतिवेदन तयार गरी बाल अधिकार समिति मार्फत कारवाहीका लागि सिफारिस गर्ने ।

(७) स्थानीयवाल अधिकार समितिको अगुवाईमा बाल विवाह न्यूनिकरण  सम्वन्धी नगर स्तरीय रणनितिक योजना निर्माण गरी लागू गर्ने ।

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

शहीदनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
यदुकहा, धनुषा
मधेश प्रदेश

(८) बाल विवाह मुक्त वडा र पालिका घोषणा पश्चात पनि समुदायस्तरमा नियमित कार्यक्रमहरु सञ्चालन तथा अनुगमन गर्ने ।

## परिच्छेद - ५

## बजेट विनियोजन तथा घोषणा सम्बन्धी व्यवस्था

६. शहीदनगर नगरपालिका र यसका सबै वडाहरुमा प्रत्येक आ.व.मा बालविवाह न्यूनिकरण अभियान तथा दिगो पनाका लागि नगरपालिका तथा वडाको विकास बजेटबाट आवश्यक मात्रामा बालबालिका, महिला तथा किशोरीहरुका लागी बजेट विनियोजन भई खर्च भएको हुनु पर्नेछ ।

७. **बालविवाह मुक्त घोषणा प्रकृया:**

बालविवाह मुक्त वडा वा पालिका अनुसुची १ मा उल्लेखित सर्वेक्षण फारामको प्रयोग गरी वडाको बाल अधिकार समितिको सिफारिसमा सुचक पुरा भएको ठहर गरेमा स्थानीय बालअधिकार समितिको सिफारिसमा वडा वा पालिकालाई बाल विवाहमुक्त क्षेत्र भनी घोषणा गर्न प्रक्रिया अवलम्बन गर्न सकिने छ ।

बालविवाह मुक्त घोषणा गर्दा पालिकालाई स्थानीय बालअधिकार समितिको सिफारिसका आधारमा बाल विवाह मुक्त क्षेत्र घोषणा गरिने छ । यसरी बाल विवाह मुक्त घोषणा गरिएका वडा तथा पालिकालाई जिल्ला समन्वय समितिले अनुमोदन गर्ने छ । नगरपालिकाको बालविवाह मुक्त घोषणाको जानकारी जिल्ला समन्ववय समिति मार्फत प्रदेश बाल अधिकार समिति र महिला तथा बालबालिकाको सवालमा कामगर्न मन्त्रालयलाई जानकारी गराईने छ ।

## परिच्छेद ६

## बालविवाह मुक्त वडा तथा पालिका घोषणको दिगोपना

८. **बालविवाह मुक्त वडा तथा पालिका घोषणको दिगोपना देहायका आधारमा गरिनेछ :**

(१) बालविवाह मुक्त वडा तथा नगरपालिका घोषणा पश्चात वडा तथा पालिका स्तरीय बालअधिकार समितिको नेतृत्वमा सबै सरोकारवालाहरु र बालबालिका समेतको उपस्थितिमा वार्षिक कार्ययोजना निर्माण गरिएको हुनु पर्दछ ।

(२) बालविवाह मुक्त वडाका सुचकहरुको प्रगति कायम राख्न तथा वार्षिक कार्ययोजना कार्यान्वयनका लागि वडा कार्यालय तथा नगरपालिकाले आवश्यक बजेट विनियोजन गरि कार्यान्वयनमा ल्याएको हुनु पर्दछ ।

(३) प्रत्येक बालबालिकाको जन्मदर्ता सुनिश्चित गर्ने संयन्त्र स्थापना गरि कार्यक्रम सञ्चालनमा ल्याएको हुनु पर्ने ।

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(४) वालबिबाहका घटनाको उजुरी र घटनाको सम्बोधन संयन्त्र वडा तथा पालिकास्तरमा प्रभावकारी रुपमा सञ्चालनमा आएको हुनु पर्ने ।

(५) पालिका तथा वडा स्तरमा अर्ध वार्षिक रुपमा वालबिवाहको अवस्थाका बारेमा सरोकारवालाहरुसँग छलफल एवम समिक्षा हुनुपर्ने ।

९. **यसै बमोजिम हुने**:यस निर्देशिकामा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१०.बाधा अडकाउ फुकाउने अधिकार** : यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा व्याख्या गर्ने अधिकार शहीदनगर नगरपालिकाको नगरकार्यपालिकालाई हुनेछ ।

**११. बचाउः** बालबालिकाको हक अधिकार स्थापित गर्ने सम्बन्धमा यो निर्देशिका लागू हुनु भन्दा पहिले भए गरिएका सबै कार्यहरू यसै निर्देशिका वमोजिमभए गरेका मानिनेछन् ।

**१२. संशोधन** : यस निर्देशिकामा आवश्यकता अनुसार नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**अनुसूची १**

## शहीदनगरनगरपालिकामाबालविवाह सम्बन्धीसर्वेक्षण, २०८०

उत्तरदाताको विवरण (ऐच्छिक) वडा न.......

*नाम :* *लिङ्ग :* *टोल...* *उमेरः*

*ठेगाना :* *जाति :* *पेशा /व्यवसाय :* *मोवाइल :*

***कृपया आफूलाई उपयुक्त लागेको वैकल्पिक उत्तरमा यस्तो चिन्ह ( √ ) लगाएर सहयोग गरिदिनुहोला ।***

१)तपाईलाई वालविवाहको बारेमा थाहा छ ?

क) छ ख) छैन

२) नेपालको प्रचलितकानुनबमोजिमविवाहको उमेर कतिवर्षतोकिएको छ ?

क)१८वर्ष ख) २० वर्ष

३)वडामा वालबालिकाको जन्मदर्ता हुने गरेको छ ?

क) छ ख) छैन

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

पाईको छिमेकमा/घरमा यो वर्ष बालविवाहभएको छ कि छैन ?

क) छ　　　　ख) छैन

शहीदनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
यदुकुहा, धनुषा
मधेश प्रदेश, नेपाल

५)विवाहभएको भएविवाहितको उमेर कतिथियो ?

क) केटाको उमेर....　　　　ख) केटीको उमेर...

६)बालविवाह कसरी सम्पन्नभएको थियो ? (छ भन्नेले मात्रभर्ने)

क) मागेर विवाह　　　　ख) भागेर विवाह　　　　ग) अन्य...

७)लमी/मौलाना/पुरोहितहरुलेबालविवाह गराउनछाडेका छन् कि छैनन्?

क) छाडेका छन्　　　　ख) छाडेका छैनन्

८) प्रश्न नं. ८मा उल्लेखित धार्मिक गुरुहरुले बालविवाह गराउन छाडेका छैनन् भने किन?कारण खुलाउनुहोस।

क)　　　　ख)　　　　ग)

९)बालविवाहको जन्ती/भोज/भतेर जस्ता कार्यहरुमा समुदायकाव्यक्तिहरु सहभागीहुने गरेका छन् कि छैनन् ?

क) छन्　　　　ख) छैनन्

१०)बालविवाहविरुद्ध उजुरी दिने गरिन्छ ?

क) उजुरी दिइन्छ　　　　ख) उजुरी दिइँदैन

११)बालबालिका, अभिभावक, धार्मिक गुरु, जनप्रतिनिधि र सामाजिकअगुवाहरु बालविवाहकाविषयमा सचेत छन्?

क) छन्　　　　ख) छैनन्

१२)समुदायमाआधारित संस्था/समिति/समूह/सञ्जालबालविवाहविरुद्ध सक्रिय रुपमाक्रियाशिलछन् कि छैनन्?

क) छन्　　　　ख) छैनन्

१३)बालविवाह गर्ने/गराउनेलाई कारबाही गर्न प्रहरीको सक्रियता छ कि छैन ?

क) छ　　　　ख) छैन

१४)बालक्लव/किशोरी क्लवहरुजनचेतना मुलक कार्यक्रममा सहभागी हुने गरेका छन कि छैनन ?

क) छ　　　　ख) छैन

१५) पालिकाले कस्तो प्रकारको कार्यक्रम ल्याएपछि बालविवाह न्युनीकरण गर्न सकिएला? लेख्ने ।

क)　　　　ख)　　　　ग)

१६)बालविवाहका कारणहरु के के छन ? लेख्ने ।

केशव कुमार ...
प्रमुख प्रशासकीय अधिकृत

क)                                   ख)                                   ग)

, विगत दुई वर्षको अन्तरालमा तपाईको घरमा/छरछिमेकमा वाल विवाह भएको छ कि छैन ?

क) छ                    ख) छैन

१८)विवाहभएको भएविवाहितको उमेर कतिथियो ?

क) केटाको उमेर....                    ख) केटीको उमेर ...

सहयोगका लागि धन्यवाद !

# स्थानीय तह/वडा कार्यालयबाट संकलन गर्ने

१.आर्थिक वर्ष ०७७/७८ मा विवाहदर्ताको अवस्था के छ ?

२. कुनकुन उमेर समूहको व्यक्तिको विवाहभएको छ ? (विस्तृत विवरण माग्ने)

३. स्थानीयतहमावालअधिकार समिति गठन सम्वन्धीकार्यविधि, छ, छैन

४. छ भने कहिले जारी भएको हो ?............*(मितिलेख्ने ।)*

५. वालविवाहअन्त्य सम्वन्धी रणनीति :

१) छ                    २) छैन

६. छ भने कहिले जारी भएको हो ?............*(मितिलेख्ने ।)*

७. वाल संरक्षण फोकल पर्सन तोकेको :

१) छ                    २) छैन

८. छ भने को छ ?.............*(नामलेख्ने ।)*

९. स्थानीयतहमावाल संरक्षण नीतिलागू :

१) छ                    २) छैन

११. छ भने कहिले जारी भएको हो ?............*(मितिलेख्ने ।)*

केशव कुमार अ... प्रमुख प्रशासकीय अधिकृत

CamScanner

११. पालिका/वडाबालअधिकारसमितितथाविद्यालय र वडा स्तरमा वाल क्लव क्रियाशिल :
१) छ २) छैन ।

*१२. यस वर्षमा कतिवटा बालविवाह रोकिएको छ ?*

शहीदनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय यदुकुहा, धनुषा मधेश प्रदेश, नेपाल

## प्रहरी कार्यालयसँग संकलन गर्ने तथ्याङ्क

१. २०७७/०७८ सालभित्रनगर र वडामा बालविवाहकाकति वटा उजुरी परे ?

२. बालविवाहगर्ने केटा र केटीको उमेर कतिकतिथियो ?

३. तीउजुरीबाट कति वटा मुद्दा दायर भए?

४. बालविवाहको उजुरी कसले गर्ने गरेको छ ?

५. बालविवाहको विषयमामिलापत्रगर्न कत्तिको दवाब आउँछ ?

६. बालविवाहको मुद्दालाई बलात्कार, बेपत्तापारेको, अपहरण गरेको, बन्धकवनाएको वा सामाजिक/सार्वजनिक दुर्व्यवहारजस्ता अभियोग लगाएका मुद्दा कति छन् ?

०८०।०६।१६ आज्ञाले,
नामः केशब कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

केशब कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

शहिदनगर नगरपालिकाद्वारा प्रकाशित मूल्य रु १०।-